सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ ✶ अंक : १६ ✶ २०७९ साल, असोज २५ गते मंगलबार, ✶ Tuesday 11 Oct, 2022 मूल्य रू. ५/- ✶ पृष्ठ : ४

## सिम्रौनगढमा ९ लाख नक्कली नेपाली नोटसहित ३ जना पक्राउ

रामबाबु मेहता–




जिल्ला प्रहरीका कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले बाराको सिमावर्ती क्षेत्र सिम्रौनगढ नगरपालिका ५, कनकपुरमा ९ लाख नेपाली नक्कली नोटसहित १ जना र पछि २ जना गरी ३ जनालाई पक्राउ गरेको छ। नेपाल–भारत सिमावर्ती क्षेत्रमा नक्कली नोटको कारोवार भइरहेको भन्ने विषेश सूचनाका आधारमा प्रहरी नायब निरिक्षक श्याम प्रकाश यादवको कमाण्डमा खटिएको प्रहरीको टोलिले सिम्रौनगढ नगरपालिकाको वडा न.०५ कनकपुर गाउँ नजिक चेकजाँच गर्दा मोतिहारी पूर्व चम्पारण ग्राम पोष्ट पिप्राकोठी बस्ने २५ वर्षिय रञ्जितकुमार मुखियाले आफनो कम्मरको पेटीमा १ लाख र उनी चढेको भारतीय नम्बरको मोटरसाइकलमा ८ लाख रुपैयाँ लुकाई राखेको अवस्थामा प्रहरीले प्रकाउ गरेको छ।

पक्राउ परेका रञ्जितकुमारसँगको बयानका आधारमा सिम्रौनगढ नगरपालिका वाडा नं २ बस्ने बिनाका मुखिया बिन र कलैया उपमहानगर वाडा नं १५ बस्ने सैनुल्लाह अंसारीलाई पनि पक्राउ गरी प्रहरीले थप अनुसन्धान गरिरहेको छ। पक्राउ परेका बिनाका बिन मुखिया र अंसारी भने १ वर्ष अघि नक्कली नोट कारोबारमा छुटेको प्रहरीले जनाएको छ।

बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले चुनावको मौका छोपेर सक्कली र नक्कली नोट पत्ता लगाउन नसक्ने ग्रामिण समुदायमा प्रयोग गर्ने उद्देश्यले नक्कली नोट बजार ल्याइएको

(बाँकी तेश्रो पेजमा)

## मोटरसाइकल चोरीको आरोपमा दुईजना पक्राउ




रामबाबु मेहता –
कलैया, २४ असोज।

मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरीले रौतहटको फतुवा बिजयपुर नगरपालिका–४ बाट दुईजनालाई पक्राउ गरेको छ। बाराको करैयामाई गाउँपालिका वाडा नम्बर ८ स्थित नरही गाउँबाट प्रदेश–२–०३–००८ प १४१४ नम्बरको मोटरसाइकल चोरेको आरोपमा दुईजना आरोपीलाई प्रहरीले पक्राउ गरेको छ।

(बाँकी तेश्रो पेजमा)

## २७ सय पिस लागु औषधसहित भारतीय युवक पक्राउ

बारा, २४ असोज।

बाराको सिम्रौनगढ नगरपालिका–२ स्थित महुवाहीबाट प्रहरीले २७ सय पिस लागुऔषधसहित एकजना युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको बिहार घर भएका २८ वर्षीय मोहन प्रसाद यादव छन्। असोज २१ मा भारतीय नम्बर बिआर–०५ यु४०३७ नम्बरको मोटरसाइकलमा सवार यादवलाई पक्राउ गरिएको बाराका एसपी होविन्द्र बोगटीले रातोपाटीलाई बताए। आरोपीको साथबाट प्रहरीले डाइजेपाम इन्जेक्सन ९ सय पिस, फेनारगन ९ सय पिस, र नुर्फिन ९ सय पिस बरामद गरेको छ।



मोटरसाइकलको पछाडी प्लाष्टिकको बोरामा लुकाएर ल्याएको लागुऔषध इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरीले फेला पारेको थियो। आरोपीमाथि प्रहरीले लागुऔषध मुद्दामा अनुसन्धान गरिरहेको छ। (साभार–रातोपाटी)

## मलामी गएका १३ जना पहिरोमा परी बेपत्ता

कालिकोट, २४ असोज।

कालिकोटको तिलागुफा नगरपालिका ४ राँचुलीमा स्थानीय हेमराज शाहीको मलामी गएका १३ जनाको अवस्था अझै पत्ता लाग्न सकेको छैन। कालिकोटका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक सिद्धराज न्यौपानेका अनुसार बेपत्ता भएकाहरूको खोजीका लागि १४ प्रहरीसहित स्थानीय खटिएका छन्।

डिएसपी न्यौपानेका अनुसार विपद् व्यवस्थापन गण जुम्लाबाट १५ जना प्रहरी जनशक्ति घटनास्थलमा खटिएका छन्। तर भौगोलिक कठिनाइ र निरन्तर वर्षाका कारण उक्त टोली अझैसम्म पनि घटनास्थलसम्म पुग्न सकेको छैन। डिएसपी न्यौपानेका अनुसार घटनास्थल नजिकका पहिरोको जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित क्षेत्रमा जान अनुरोध गरिएको छ। प्रहरी र स्थानीयले खोजी कार्य जारी राखे पनि अझैसम्म बेपत्ता भएकाहरूको कुनै जानकारी आउन नसकेको कालिकोटका प्रमुख जिल्ला अधिकारी रामहरि शर्माले जानकारी दिए।

प्रतिकुल मौसमका कारण खोजी कार्यमा समस्या आएको प्रजिअ शर्माको भनाई छ। शव दहन गरिने क्षेत्र माथिबाट ठुलो पहिरो गएकाले

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो।
* बेटी पढाऔं बेटी बचाऔं।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं।

फेटा गाउँपालिका
फेटा (बारा)

## बारामा प्रतिनिधिसभा तथा प्रदेश सभाका लागि १८६ जनाको उम्मेदवारी दर्ता

बारा। आगामी ४ मंसिरमा हुने प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचनका लागि बारामा केही स्वतन्त्रसहित १ सय ८६ जनाको उम्मेदवारी परेको छ। प्रतिनिधिसभामा ७१ जना, प्रदेशसभा 'क' मा ५६ र 'ख' मा ५९ जना गरी १ सय ८६ जनाको उम्मेदवारी परेको हो। तीमध्ये स्वतन्त्र उम्मेदवारको संख्या ८४ छ। ४ प्रतिनिधिसभा सदस्यका लागि ७१ जनाको उम्मेदवारी परेकोमा ३० जना स्वतन्त्र उम्मेदवार छन्। यस्तै ८ प्रदेशसभा सदस्यका लागि १ सय १५ जनाको उम्मेदवारी परेकोमा स्वतन्त्र उम्मेदवारको संख्या ५४ छ।

बारा क्षेत्र नम्बर १

बाराको क्षेत्र नम्बर १ मा केही स्वतन्त्रसहित ४६ जनाको उम्मेदवारी परेको छ। प्रतिनिधिसभामा १८ जना, प्रदेश सभा 'क' मा १३ र 'ख' मा १५ जना गरी ४६ जनाको उम्मेदवारी परेको हो। ती मध्ये स्वतन्त्र उम्मेदवारको संख्या २० छ।

१ प्रतिनिधिसभा सदस्यका लागि १८ जनाको उम्मेदवारी परेकोमा ६ जना स्वतन्त्र उम्मेदवार छन्। यस्तै २ प्रदेशसभा सदस्यका लागि २८ जनाको उम्मेदवारी परेकोमा स्वतन्त्र उम्मेदवारको संख्या १४ छ।

प्रतिनिधि सभा सदस्य

सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले उम्मेदवारी दर्ता गराएका छन्। यता नेकपा एमाले जसपाका तर्फबाट नेकपा एमालेका पोलिटब्युरो सदस्य अच्युत प्रसाद मैनालीले उम्मेदवारी दर्ता गराएका छन।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भक्तबहादुर दर्लामीको उम्मेदवारी दर्ता भएको छ भने हाम्रो नेपाली पार्टीबाट राकेश न्यौपानेले नामको उम्मेदवारी दर्ता भएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट शिवप्रसाद तिमल्सिनाको उम्मेदवारी दर्ता भएको छ।

यस्तै मंगोल नेसनल अर्गनाइजेशनबाट महेन्द्र चौधरीले उम्मेदवारी दर्ता गराएका छन भने नेपाली कांग्रेस बीपीबाट धर्मेन्द्र प्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन्।

यता नेपाल लोक्तान्त्रिक पार्टीबाट मोजहर हुसेन मन्जुर, नेपाली जनता पार्टीबाट प्रदिपकुमार प्रसाद साह कलवार, नागरिक उन्मुक्ति पार्टीबाट भुवन प्रसाद चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश धिमाल र जनमत पार्टीबाट मनोज कुमार थारुले उम्मेदवारी दर्ता गराएका छन। प्रतिनिधिसभामा स्वतन्त्र रुपमा अनिलकुमार गुप्ता, कृष्णराज गिरी, धर्मेन्द्रकुमार साह, शिवप्रसाद रिजाल, अनवर अन्सारी र चनकराज भट्टराईको उम्मेदवारी परेको छ।

१ क प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका रमेशप्रसाद दंगालले उम्मेदवारी दर्ता गराएका हुन्। यता नेकपा एमालेबाट मधेश प्रदेशका सदस्य त्रिलोकी चौधरीले उम्मेदवारी दर्ता गराएका हुन्।

हाम्रो नेपाली पार्टीबाट भेसबहादुर ढकाल, नेपाल सुशासन पार्टीबाट दामोदर परुहर, नागरिक अन्मुक्ति पार्टीबाट राधा कुमारी चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लक्ष्मी शाह कलवार, मंगोल नेसनल अर्गनाइजेशनबाट मदनबहादुर बम्जन र जनमत पार्टीबाट युवराज मैनालीले उम्मेदवारी दर्ता गराएका छन।

प्रदेश सभा 'क' मा स्वतन्त्र रुपमा शिवनारायण थारु, जयमंगल चौधरी, देव राज घिमिरे, एक बहादुर क्षेष्ठ र सन्नी लामाको उम्मेदवारी परेको छ।

१ ख प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट नेपाली काँग्रेसका नागेन्द्र साह कानुले उम्मेदवारी दर्ता गराएका छन। यता

(बाँकी तेश्रो पेजमा)

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकारः परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# संविधान अनुसार समयमै निर्वाचन हुँदा लोकतन्त्र संस्थागत




काठमाण्डौ, २४ असोज ।

संविधानसभाबाट जारी भएको विसं २०७२ को संविधानअनुसार दोस्रो संसदीय निर्वाचन समयमै हुने वातावरणले नेपालमा लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुगेको छ । यसअघिका संविधानअनुसार समयमै आवधिक निर्वाचन नहुँदा लोकतान्त्रिक व्यवस्था धरापमा परेकामा यसपटक भने समयमै निर्वाचनको वातावरण बनेकामा पेशागत संस्थाले खुसी व्यक्त गरेका छन् । अवधि नसकिई दुईपटक विघटन गरिएको प्रतिनिधिसभा सर्वोच्च अदालतले गरेको संविधानको व्याख्याका कारण समयमा दोस्रो निर्वाचन हुने वातावरण बनेको हो । नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा डा रमेश जोशीले निर्वाचन जुन दलले जिते पनि संसदीय निर्वाचनको वातावरण बन्दा लोकतान्त्रिक शासन व्यवस्था संस्थागत हुने अवसर प्राप्त भएको बताए ।

निर्वाचन हुने वातावरणले संविधानकै विषयमा प्रश्न उठाउनेको मुख बन्द गरेको छ । लोकतन्त्र अभ्यासले नै संस्थागत हुने भएकाले यसले सहयोग गर्ने उनको भनाइ छ । विगतका संसदीय निर्वाचनमा धेरै क्षेत्रमा राजनीतिक दलबीच नै प्रतिस्पर्धा हुने गरेको थियो । स्वतन्त्र उम्मेदवार थोरै हुन्थे । केही क्षेत्रमा नगण्यमात्र स्वतन्त्र उम्मेदवारी परेको हुन्थ्यो । यो वर्ष भने राजधानी र सहरी क्षेत्रका प्रायः निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारी परेको छ ।

'ठूला राजनीतिक दलभित्रको अन्तर संघर्षले धेरै स्वतन्त्र उम्मेदवारी दर्ता भएको देखिन्छ, दलप्रतिको असन्तुष्टि स्वतन्त्र उम्मेदवारीका माध्यमबाट प्रकट भएको छ, पार्टीभित्र न्याय भएन, दलभित्र विचार राखेकै कारण टिकटबाट बञ्चित गरियो भन्दै स्वतन्त्र उम्मेदवारी परेको छ, स्थानीय तहको निर्वाचनमा केही स्थानीय तहमा स्वतन्त्र उम्मेदवार विजयी भएकाले पनि यो संसदीय निर्वाचनमा धेरै स्वतन्त्र उम्मेदवारी परेको छ', अध्यक्ष जोशीले भने ।

स्वतन्त्र उम्मेदवारीलाई पनि सकारात्मकरुपमा लिनुपर्ने पेशागत संस्थाका प्रमुखको धारणा छ । राजनीतिक दल सुध्रिए भने यति धेरै स्वतन्त्र उम्मेदवारी नपर्ने विश्लेषण पनि उनीहरुको छ । स्थानीय तहको निर्वाचन परिणामपछि दलका शीर्ष नेताले परिस्थितिलाई विश्लेषण गरेको भए अहिले स्वतन्त्र उम्मेदवारीको बाढी आउने अवस्था देखिने थिएन ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले दलभित्र फरक विचार समूह, फरक विचार राख्ने नेताप्रति असहिष्णु व्यवहार सबै ठूला दलमा देखिँदा स्वतन्त्र उम्मेदवारी बढेको बताए । उनले भने, 'नेकपा (एमाले) भित्र भीम रावल र घनश्याम भुसाललगायत नेता, नेपाली कांग्रेसभित्र डा मीनेन्द्र रिजाल, डा स्वर्णिम वाग्लेलगायतमाथि पार्टी नेतृत्वले असहिष्णु व्यवहार गरेको विश्लेषण आम मानिसले गरिरहेको देखिन्छ, यस्तो प्रवृत्तिले स्वतन्त्र उम्मेदवारी दिन प्रोत्साहन गरेको छ ।'

ठूला राजनीतिक दलले जित्नसक्ने आधार भएकै कारण केही विवादास्पद छवि भएका नेतालाई पनि उम्मेदवारी दिएका छन् । विवादास्पद प्रवृत्तिलाई राजनीतिमा ल्याउन नहुनेमा सबैको एक मत हुनुपर्नेमा त्यस्तो वातावरण बन्न नसकेको अध्यक्ष पोखरेलले बताए । केही युवालाई दलले उम्मेदवार बनाएकाले नेतृत्व हस्तान्तरणमा भने दलका शीर्ष नेतृत्व सकारात्मक देखिएको उनको विश्लेषण छ । समयको मागअनुसार दलले युवाको मागलाई कुनै न कुनैरुपमा ध्यान भने दिएको देखिन्छ । उम्मेदवारीको प्रकृति हेर्दा समावेशी सन्तुलनमा पनि त्यति धेरै समस्या देखिएको छैन । यद्यपि दलले प्रत्यक्ष चुनाव लडाउन थोरै मात्र महिलालाई मैदानमा उतारेकामा सामाजिक सञ्जाल एवं सञ्चारमाध्यममा आलोचना भइरहेको छ । उम्मेदवारीको प्रकृति धेरै उत्साह र निराशा नदिने खालको भएकाले सन्तुलित देखिएको अध्यक्ष पोखरेलले बताए ।

उम्मेदवारीमा प्राविधिकलाई बेवास्ता उम्मेदवारी दिँदा अन्य विधाको समावेशीमा ध्यान दिए पनि विधागतरुपमा अझै ठूला दल प्रवेश गर्न नचाहेको अनुभव नेपाल इञ्जिनीयर्स एशोसियसनले गरेको छ । एशोसियसनका अध्यक्ष हरिबहादुर दर्लामीले चीनमा प्राविधिक मन्त्रालय इञ्जिनियरलाई दिने गरिए पनि नेपालमा अझै यस्तो अभ्यास नहुँदा काममा समस्या आउने गरेको बताए ।

प्राविधिक क्षेत्रबाट सांसद

(बाँकी तेश्रो पेजमा)

# मानिसहरूबीच सम्बन्ध बिग्रँदै छ कि मानसिक स्वास्थ्य ?

**डा. करुणा कुँवर**

काठमाण्डौ, २४ असोज ।

मकहाँ परामर्शका लागि आउने कतिपयले भन्ने गर्छन्– ममा त कुनै समस्या छैन, मेरो श्रीमान् वा श्रीमतीमा समस्या छ । हामी दुवैमा समस्या हुन सक्छ भनेर नबुझ्दासम्म सम्बन्धलाई सुधार्ने वा सुदृढ बनाउने आधार मिल्दैन । कतिपय घर वा सम्बन्ध पूरै टुट्नुअघि विशेषज्ञबाट परामर्श मिल्यो भने त्यो घर वा सम्बन्ध जोगिन सक्छ ।

मानसिक समस्या भएको व्यक्तिले कुनै पनि सम्बन्धमा खटपट आउँदा त्यसमा आफ्नो गल्ती देख्दैन । आफूलाई ठीक ठान्ने, अरु व्यक्ति वा अन्य कारण समस्या आएको भन्ठान्ने प्रवृत्ति उसमा देखिन सक्छ । यस्तो समस्यालाई 'नार्सिसिस्ट पर्सोनालिटी डिसअर्डर' भनिन्छ । यस्तो समस्या भएको व्यक्तिले आफूलाई बढी महत्त्व दिन्छ । यस्ता व्यक्तिको सम्बन्ध प्रायः बिग्रिएको नै पाइन्छ । यस्तो व्यक्तिले हरेक कुरामा गुनासो गर्ने गर्छ । उसले सबै कुरा 'पर्फेक्ट' (पूर्ण) बनाउन कोसिस गर्छ । उसले ठानिरहेको हुन्छ, म असाध्यै पर्फेक्ट छु, तर अरुले मलाई कोअपरेट (सहयोग) गरिरहेको छैन । यस कारण अन्य व्यक्तिसँग उसको सम्बन्ध बिग्रिरहेको हुन्छ । आफूमा मानसिक समस्या भएकै कारण पनि कतिले अर्कोबाट राम्रो व्यवहारको अपेक्षा गरिरहेका हुन्छन् । आपसका स–साना कुरामा राम्रोसँग छलफल भएन भने त्यसले मनमुटावको रुप लिने हो । सानो घटनाले ठूलो दुर्घटना निम्त्याउन सक्छ ।

**सम्बन्ध र मानसिक समस्या**

एकातिर मानसिक स्वास्थ्यकै कारण सम्बन्धमा समस्या आउँछ भने अर्कोतिर सम्बन्ध बिग्रेकै कारण मानसिक स्वास्थ्यलाई असर गरिरहेको छ । सम्बन्ध बिग्रनुको मूल कारण हो– आपसमा छलफल वा कुराकानी नहुनु । आपसमा राम्रोसँग कुराकानी नहुनुको पछाडि मानसिक समस्या कारक हुन सक्छ ।

सम्बन्धका कारण कतिपयमा मानसिक समस्या आएको पनि पाइन्छ । बाल्यावस्थादेखि व्यक्तिले घर–परिवारमा बाबुआमाको सम्बन्ध राम्रो देखेन, घरेलु हिंसा देखिरह्यो, परिवारका सदस्यहरूबीच झैंझगडा र कलह मात्रै देखिरह्यो भने उसले भविष्यमा निभाउने सम्बन्धहरू प्रभावित हुन सक्छन् ।

हामीकहाँ मानसिक समस्या भन्नेबित्तिकै पागलपनलाई सम्झने गर्छौं । सामान्य देखिने मानिस पनि मानसिक रोगी हुन सक्छ । व्यवहारमा आउने स–साना परिवर्तन पछाडिको कारणमा पनि मानसिक समस्या जिम्मेवार हुन सक्छ । तनाव, डिप्रेसन आदि मानसिक समस्याका कारण मानिसको व्यवहारमा परिवर्तन देखिने हो । दुईमध्ये एक व्यक्तिमा मानसिक समस्या हुँदा पनि उनीहरूबीचको सम्बन्ध बिग्रँदै जान सक्छ । नैराश्यता, दुःखीपन, इरिटेसन (चिडचिडाहट) आदिका कारण कुनै व्यक्तिलाई अर्को व्यक्तिसँग सम्बन्ध निभाउन समस्या परिरहेको पनि देखिन्छ ।

हामीकहाँ मात्रै होइन, विश्वव्यापी रुपमै मानसिक स्वास्थ्यलाई सामान्य रुपमा लिइन्छ । मानिसको कतिपय शारीरिक रोगमा मानसिक समस्या कारण हुन सक्छ । तर, त्यसमा ध्यान दिइँदैन । मानसिक समस्याका कारण मानिसलाई टाउको दुख्ने, छाती दुख्ने हुन सक्छ । सानोतिनो मानसिक समस्या बाहिरबाट देखिँदैन र यो झट्ट व्यक्तिको व्यवहारमा पनि देखिँदैन । हामीले पागलपनलाई मात्रै मानसिक समस्या भनिरहेका हुन्छौँ । दैनिक जीवन गरिने साधारण व्यवहार र शारीरिक रोगमा समेत मानसिक स्वास्थ्यले प्रभाव पारिरहेको हुन्छ ।

टाउको दुख्दा हामी 'फिजिसियन'कहाँ जान्छौँ । मुटुसम्बन्धी समस्या आउँदा हामी सिधै मुटुरोग विशेषज्ञकहाँ जान्छौँ । चेकजाँचपछि केही देखिएन भने भनिन्छ, तिम्रो मुटुमा कुनै समस्या छैन । त्यसपछि बिरामी घरमै बस्छ । एन्जाइटीका कारण कतिपयलाई मुटु हल्लिने समस्या आउन सक्छ । टाउको दुख्ने समस्या पनि मानसिक स्वास्थ्यसँग जोडिएको हुन सक्छ । त्यसैले सही उपचारका लागि मनोचिकित्सककहाँ जानुपर्ने हुन सक्छ । र, यस्ता बिरामीलाई घर–परिवारबाट विशेष सहयोग आवश्यक पर्न सक्छ ।

**सानो उमेरमा विवाह वा प्रेम सम्बन्ध**

बालविवाह गर्ने वा परिपक्व नभई विवाह गर्ने र सानो उमेरमा प्रेम गर्ने कतिपयले मानसिक समस्या झेलिरहेको पाइन्छ । विवाहपछि स्त्री र पुरुष दुवैले विभिन्न जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । स्त्रीको हकमा अझ जिम्मेवारी आउँछन् । तर व्यावहारिक रुपमा ती जिम्मेवारी पूरा गर्न सहज हुँदैन । त्यसैले कतिपय व्यक्ति मानसिक उल्झनमा फस्न सक्छन् । अर्कोतिर, सानै उमेरमा मानिस प्रेममा पर्न सक्छ । सानो उमेरमा एक खालको आकर्षणले सम्बन्ध बनाउन पुगेका हुन्छन् ।




त्यो आकर्षण केही समयपछि हराउन सक्छ तर आफू कोहीप्रति आकर्षित हुनुलाई किशोरकिशोरीले अन्तिम सत्य ठान्न सक्छन् । पहिलोपटक कोहीप्रति आकर्षित हुनुलाई मानिसले महत्वपूर्ण ठानेको हुन्छ, यो पहिलो घटना भएकाले उसको मन–मस्तिष्कमा यसले छाप छाडेको हुन्छ । कुनै कारणले त्यो सम्बन्ध विफल भयो भने उसले त्यसलाई ठूलो रुपमा लिन्छ र उसले मानसिक रुपमा क्षति बेहोर्न सक्छ ।

त्यसैले किशोरावस्थाका विद्यार्थीलाई विद्यालयबाटै यौन र आकर्षणका बारेमा राम्रोसँग बुझ्ने शिक्षा दिइन आवश्यक छ । विद्यालय मात्रै होइन, अभिभावकले पनि किशोरकिशोरीलाई यस सम्बन्धमा शिक्षा दिन भूमिका खेल्नुपर्छ । कसैको आकर्षणमा परेको आफ्नो किशोरावस्थाको सन्तान कुनै मानसिक उल्झनमा छ भने त्यस्तो बेला अभिभावकले उसलाई साथ दिनुपर्छ । यस्तो अवस्थामा सन्तानलाई 'तैँले यस्तो गरिनस्, यस्तो गर्नुपर्थ्यो' भनेर गाली गर्नुहुँदैन । यसले थप दुर्घटना निम्त्याउन सक्छ । गएको भदौमा काठमाडौं बुद्धनगरस्थित निर्माणाधीन भवनको पाँचतलाबाट हाम फालेर किशोरावस्थाका एक जोडीले आत्महत्या गरे । अभिभावकले साथ नदिँदा, बालबालिकाको भावना र समस्यालाई बेवास्ता गर्दा यस्ता घटना निम्तिन पनि सक्छन् । उनीहरूको समस्यामा परामर्शका लागि विशेषज्ञकहाँ लैजानुपर्ने हुन्छ ।

**दम्पतीबीचको सम्बन्ध र हिंसा**

अहिले मैले लैंगिकतामा आधारित हिंसासम्बन्धी एउटा परियोजनामा काम गरिरहेकी छु । यसमा काम गर्दा मैले के पाएँ भने, दम्पतीबीच सम्बन्ध बिग्रँदा ठुल्ठूला हिंसा निम्तिएका छन् । हिंसाका कतिपय पाटा हाम्रा संस्कार, संस्कृति र पितृसत्तात्मक सोचसँग जोडिएका पनि छन् । संस्कार–संस्कृतिका आधारमा पुरुषले महिलालाई हेर्ने एउटा दृष्टिकोण निर्माण भएको हुन्छ ।

'श्रीमान्ले कमाउने हो, श्रीमतीले घर हेर्नुपर्छ, महिला कमजोर हुन्छन्, उसलाई सम्पूर्ण अधिकार दिनुपर्दैन' भन्नेजस्ता सोच पुरुषको विश्वास बनेको हुन्छ । यस्तो विश्वासका कारण कतिपय पुरुषले आफ्नी श्रीमतीलाई काम वा पेसा गर्न घरबाहिर जान नदिन सक्छन् । कतिपयले श्रीमतीलाई पोसाकमा पनि बन्देज लगाउन सक्छन् । दम्पतीबीच झैंझगडा हुँदा श्रीमान्ले 'यस्तो हुनैपर्छ' भनी अडान लिएको पनि पाइन्छ । सानैदेखिको विश्वासमा टेकेर उसले व्यवहार गरिरहेको हुन्छ । यो गरे पुण्य हुन्छ, त्यो गरे पाप हुन्छ भन्ने धार्मिक विश्वास पनि झैंझगडा हुँदा व्यक्त भइरहेका हुन्छन् । यसरी दम्पतीबीच कलह वा हिंसाको परिस्थिति निम्तिन सक्छ, जसले उनीहरूको मात्रै सम्बन्ध बिगार्दैन, छोराछोराको मानसिकतामा पनि असर गरिरहेको हुन्छ ।

**छलफल नै सम्बन्धको बलियो आधार**

सम्बन्ध बिग्रनुमा विभिन्न कारण होलान्, तर छलफलबाट समझदारीमा पुग्न सकिन्छ । सम्बन्ध बिग्रन पुगेका सम्बन्धित व्यक्तिहरूले आपसमा कुराकानी वा छलफल गरिरहनुपर्छ । यसो गर्दा समस्याको गाँठो फुकाउन सहजता मिल्छ । सम्बन्ध सुमधुर सुदृढ बनाउन एकअर्काबीच सम्बन्ध पारदर्शी हुन आवश्यक छ । पारदर्शी सम्बन्धले समस्या आउन दिँदैन । मानसिक स्वास्थ्यका कारण दम्पतीबीच सम्बन्ध बिग्रिएको छ भने उनीहरूले छिटो विशेषज्ञको सल्लाह लिनुपर्छ । आफूले सानो उमेरमा भोगेका घटनाबाट प्रभावित हुनु हुँदैन । पुराना भोगाइ नितान्त अर्को कथा हो, अर्को पाटो हो र पछि जोडिएका सम्बन्ध फरक हो भन्ने बुझाइ हुन जरुरी छ । दुई व्यक्तिको सम्बन्ध टुट्नु वा बिग्रनु उनीहरू बीचको मात्रै कुरा होइन, त्यसले अरु सदस्यलाई पनि प्रभावित पारिरहेको हुन्छ । सम्बन्ध सुधार्न अर्कोबाट अपेक्षा गर्नुको सट्टा आफ्ना कमजोरी नियालेर आफैँले पहल गर्नु बुद्धिमानी ठहर्छ । (मनोविद् कुँवरसँगको कुराकानीमा आधारित ।) (साभार–रातोपाटी)

# एक भोटलाई १ हजार खर्चिँदै उम्मेदवार, कुल खर्च ११ अर्ब ५७ करोड

**शिव सत्याल / रातोपाटी**

काठमाण्डौ, २४ असोज ।

राज्यका निकायहरुले तोकेको जतिमात्रै रकम खर्च गर्दा पनि नेपालको निर्वाचन प्रणाली महँगो पर्न थालेको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उम्मेदवारहरुले खर्च गर्न पाउने रकम र खस्ने सम्भावित मत तुलना गर्दा प्रतिमत १ हजार रुपैयाँभन्दा बढी खर्च लाग्ने देखिएको हो ।

निर्वाचन आयोगले प्रतिनिधिसभाका उम्मेदवारले प्रति उम्मेदवार २५ लाख रुपैयाँदेखि ३३ लाख रुपैयाँसम्म तोकेको छ । यसरी खर्चको सीमा तोक्दा आयोगले कुन निर्वाचन क्षेत्रमा कति खर्च गर्न पाइने भन्ने यकिन विवरण नै सार्वजनिक गरेको छ । मतदाता संख्या, क्षेत्रफल, भौगोलिक बनावट जस्ता विषयलाई आधार बनाएर आयोगले खर्चको सीमा तोकेको हो । यस्तै, प्रदेशसभा निर्वाचनको लागि एक जना उम्मेदवारले १५ लाख रुपैयाँदेखि २३ लाख रुपैयाँसम्म खर्च गर्न पाइने भनिएको छ ।

आयोगका अनुसार प्रतिनिधिसभाको लागि २१ सय २८ जना उम्मेदवार बनेका छन् । यी उम्मेदवारले औसतमा गर्न खर्च २९ लाख रुपैयाँ मान्दा उम्मेदवारहरूले गर्ने खर्च ६ अर्ब १७ करोड १२ लाख रुपैयाँ हुन आउँछ । आयोगले दिएको सीमाभन्दा बढी खर्च भएमा यस्तो खर्च रकम अझ बढी हुनेछ । यद्यपि, कानुनी रुपमा भने आयोगले तोकेको सीमासम्मको मात्रै खर्च देखाउन पाइन्छ । आयोगले सार्वजनिक गरेको विवरण अनुसार प्रदेशसभा निर्वाचनको लागि २८ सय ४५ उम्मेदवार चुनावी मैदानमा छन् । प्रदेशसभा निर्वाचनको लागि एक जना उम्मेदवारलाई निर्वाचन क्षेत्र अनुसार १५ लाख रुपैयाँदेखि २३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकिएको छ । प्रदेशसभा उम्मेदवारले गर्न खर्च औसतमा १९ लाख रुपैयाँ मान्दा ती उम्मेदवारले ५ अर्ब ४० करोड ५५ लाख रुपैयाँ खर्च गर्ने देखिएको छ । र, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका उम्मेदवारहरूले गर्न पाउने खर्चको औसत हिसाव गर्दा पनि उम्मेदवारहरूको कुल खर्च ११ अर्ब ५७ करोड ६७ लाख रुपैयाँ हुनेछ ।

आयोगले सार्वजनिक गरेको अर्को एक विवरण अनुसार मंसिर ४ गतेको निर्वाचनको लागि १ करोड ७९ लाख ८८ हजार ५७० योग्य मतदाता छन् । गत बैशाख अन्तिम साता भएको स्थानीय तह निर्वाचनमा ६४ प्रतिशत मत खसेको थियो । सो समयमा खसेको मतलाई नै आधार मान्ने हो भने मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा १ करोड १३ लाख ४९ हजार ५८३ मत (कुल मतको ६४ प्रतिशत) खस्नेछ । आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उम्मेदवारले गर्ने खर्च र मतदाता संख्या तुलना गर्दा प्रति मतदाता १ हजार २० रुपैयाँ जति खर्च हुने देखिएको छ । अर्थात सो निर्वाचनमा एक जना उम्मेदवारले एक भोटको लागि १ हजार २० रुपैयाँ खर्च गर्दैछन् ।

**१० अर्ब खर्च गर्दै सरकार**

मंसिर ३ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सरकारको पनि १० अर्ब रुपैयाँभन्दा बढी खर्च हुने अनुमान गरिएको छ । निर्वाचन आयोगले सो निर्वाचन सम्पन्न गर्नको लागि १० अर्ब रुपैयाँ आवश्यक पर्ने भन्दै सरकारसँग माग गरेको छ । सरकारले पनि

(बाँकी अन्तिम पेजमा)

## सिम्रौनगढमा............

बताउनु भएको छ। यी नक्कली नोटहरु हाई क्वालिटीको पिन्टरबाट फोटोकपी गरेको जस्तो देखिन्छ, यसको मुख्य उद्देश्य चुनावका बेला गाउँका सोझा जनतालाई झुक्याएर यसको प्रयोग ल्याउने मुख्य उद्देश्य रहेको प्रहरी उपरीक्षक बोगटीले बताउनु भयो । बारा प्रहरीले सोमवार पत्रकार सम्मेलन गरेर नक्कली नोट सहित पक्राउ परेका ३ जनालाई सार्वजनिक गरेको छ।

## मोटरसाइकल.............

पक्राउ पर्नेमा फतुवा बिजयपुर नगरपालिका वाडा नं ५ घर भएका १९ वर्षीय रामनारायण राय यादव र २१ वर्षीय अजय राम रहेका छन् । असोज २२ मा मध्य राती मोटरसाइकल चोरेर भाग्दै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय गरुडासँगको समन्वयमा उनीहरुलाई पक्राउ गरिएको बाराका प्रहरी उपरिक्षक होविन्द्र बोगटीले जिल्ला प्रहरी कार्यालय कलैयामा पत्रकार सम्मेलन गरि जानकारी गराउनु भएकोछ । आरोपीहरुको साथबाट प्रहरीले करैयामाईबाट चोरी भएको मोटरसाइकल र भारतिय नम्बर प्लेट भएको थप एकथान मोटरसाइकल बरामद गरेको छ। उनीहरुमाथि चोरी मुद्दामा म्याद लिएर अनुसन्धान भइरहेको बाराका प्रहरी उपरिक्षक बोगटीले जानकारी गराउनु भयो।

## मलामी गएका...........

बेपत्ता भएकालाई तिला नदीले बगाएको हुन सक्ने प्रजिअ शर्माले बताए । आइतबार मलामी गएका तिलागुफा नगरपालिका वडा नम्बर ४ का ५९ वर्षीय वडाध्यक्ष परबहादुर शाही ४७ वर्षीय कालिबहादुर शाही, ६३ वर्षका धनबहादुर शाही, ३१ वर्षका क्षेत्रजंग शाही, २८ वर्षीय खगेन्द्र शाही, २३ वर्षीय भेषबहादुर शाही, ५५ वर्षीय धन शाही, ७६ वर्षीय अलि शाही, २३ वर्षीय खेमराज शाही, ५७ वर्षीय भक्तबहादुर शाही, ४१ वर्षीय मोतिलाल शाही, २४ वर्षीय नरेश शाही, २३ वर्षीय प्रशान्त शाही सम्पर्कविहीन रहेका छन् । (साभार–रातोपाटी)

## बारामा प्रतिनिधिसभा....

जनता समाजवादी पार्टीबाट मधेश प्रदेशका सभामुख सरोज कुमार यादवले उम्मेदवारी दर्ता गराएका हुन । राप्रपा नेपालबाट जोखु साह कानु, नेकपा एकीकृत समाजवादीबाट बतहु राय यादव, नागरिक उन्मुक्ति पार्टीबाट उमेश प्रसाद कलवार र जनमत पार्टीबाट सिताराम प्रसाद नेपालीले उम्मेदवारी दर्ता गराएका छन ।

प्रदेश सभा 'ख' मा स्वतन्त्र रुपमा राकेशकुमार कुशवाहा, अशोककुमार यादव, अरुण कुशवाहा, कमरुल्लाह अंसारी, जयन्त कुमार कुशवाहा, राजकुमार प्रसाद साह, संजय प्रसाद यादव, विन्देश्वर यादव र प्रभुदास तत्माको उम्मेदवारी परेको छ।

बारा क्षेत्र नम्बर २

बाराको क्षेत्र नम्बर २ मा केही स्वतन्त्रसहित ४७ जनाको उम्मेदवारी परेको छ। प्रतिनिधि सभामा १५ जना, प्रदेश सभा 'क' मा १५ र 'ख' मा १७ जना गरी ४७ जनाको उम्मेदवारी परेको हो । ती मध्ये स्वतन्त्र उम्मेदवारको संख्या २९ छ।

१ प्रतिनिधिसभा सदस्यका लागि १५ जनाको उम्मेदवारी परेकोमा ९ जना स्वतन्त्र उम्मेदवार छन् । यस्तै २ प्रदेशसभा सदस्यका लागि ३२ जनाको उम्मेदवारी परेकोमा स्वतन्त्र उम्मेदवारको संख्या २० छ।

प्रतिनिधि सभा सदस्य

एमाले जनता समाजवादी पार्टी नेपाल गठबन्धनका तर्फबाट जसपाका नेता तथा पुर्व वन मन्त्री रामसहाय प्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै नेपाल मजदुर किसान पार्टीबाट मेरोलाल प्रसाद यादव, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट रवीन्द्र प्रसाद जसवाल, नेकपा माओवादी केन्द्रबाट शिवचन्द्र प्रसाद कुशवाह, नेपालका लागि नेपाली पार्टीबाट शेख ओली आलम र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सोनालाल प्रसाद सा तेलीको उम्मेदवारी दर्ता गराएका छन ।

प्रतिनिधिसभामा स्वतन्त्र रुपमा अरुणकुमार ज्ञवाली, जितेन्द्रप्रसाद यादव, प्रशान्तकुमार यादव, विनोदकुमार यादव, मन्जारुल अन्सारी, रवीन्द्र प्रसाद यादव, रामकिशोर प्रसाद यादव र शम्भु प्रसाद साहको उम्मेदवारी परेको छ।

२ क प्रदेश सभा

नेकपा एमालेबाट बलवीर चौधरीले उम्मेदवारी दर्ता गराएका छन भने लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट मोतीलाल प्रसादले उम्मेदवारी दर्ता गराएका छन । यस्तै नेपाल लोकतान्त्रिक पार्टीबाट के एस फिजिसन, नेपालका लागि नेपाली पार्टीबाट जगदेव महतो कोइरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट देवानन्द सहनी र जनमत पार्टीबाट रामाशंकर प्रसाद कुशवाहाले उम्मेदवारी दर्ता गराएका छन्।

प्रदेश सभा 'क' मा स्वतन्त्र रुपमा अनुरुद राउत, कामेश्वरप्रसाद यादव, दिपेन्द्र प्रसाद यादव, धर्मलाल प्रसाद यादव, राजेश प्रसाद यादव, लक्ष्मण राउत अहिर, वीरेन्द्र प्रसाद यादव, उषा कुमारी यादव र शारदा शंकर प्रसाद कलवारको उम्मेदवारी परेको छ।

२ ख प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका रामउयोध्या प्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन्। यता जनता समाजवादी पार्टीबाट बच्चा राउत अहिरले उम्मेदवारी दर्ता गराएका हुन्।

जनमत पार्टीबाट गजानन्द प्रसाद यादव, नेपाल मजदुर पार्टीबाट चन्दनकुमार यादव, नेपाल सद्भावना पार्टीबाट भुला सिंह रानपुत र राप्रपाबाट राम दहिन रायले उम्मेदवारी दर्ता गराएका छन्।

प्रदेश सभा 'ख' मा स्वतन्त्र रुपमा अजयकुमार यादव, ओमप्रकाश प्रसाद यादव, ओम प्रवेश शर्मा, देवेन्द्र प्रसाद गिरी, नवल किशोर प्रसाद, प्रभुनाथ राउत, भतर प्रसाद साह, महेश्वर कुमार उपाध्याय, रामएकबाल प्रसाद यादव, सुरेश कुमार यादव र सुनिल कुमार पण्डीतको उम्मेदवारी परेको छ।

बारा क्षेत्र नम्बर ३

बाराको क्षेत्र नम्बर ३ मा केही स्वतन्त्रसहित ४५ जनाको उम्मेदवारी परेको छ। प्रतिनिधिसभामा १८ जना, प्रदेश सभा 'क' मा १५ र 'ख' मा १२ जना गरी ४५ जनाको उम्मेदवारी परेको हो । ती मध्ये स्वतन्त्र उम्मेदवारको संख्या १५ छ।

१ प्रतिनिधिसभा सदस्यका लागि १८ जनाको उम्मेदवारी परेकोमा ५ जना स्वतन्त्र उम्मेदवार छन् । यस्तै २ प्रदेशसभा सदस्यका लागि २७ जनाको उम्मेदवारी परेकोमा स्वतन्त्र उम्मेदवारको संख्या १० छ।

प्रतिनिधि सभा

सत्ता गठबन्धनका तर्फबाट लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका लालबाबु सिंह भुइहारले उम्मेदवारी दर्ता गराएका छन् । यता नेकपा एमालेको तर्फबाट नेकपा एमालेका पोलिटब्युरो सदस्य तथा मधेश प्रदेश सहइन्चार्ज ज्वाला कुमारी साहले उम्मेदवारी दर्ता गराएकी छिन् ।

विवेकशील साझा पार्टीबाट अमिरी साह तेली, नेपाल जनता पार्टीबाट गोपाल दास, हाम्रो नेपाली पार्टीबाट चन्द्र प्रकाश सुवेदी, एकीकृत शक्ति नेपालबाट नरेश कुमार चौलागाई, मंगोल नेशनल अर्गनाइजेसनबाट नुरमहमद हवारी धोवी, नेपाल मजदुर किसान पार्टीबाट महमुदिन मियाँ अन्सारी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट राजेन्द्र प्रसाद जैसवार, जनमत पार्टीबाट राधिका देवी साह, जनता समाजवादी पार्टी नेपालबाट रामवाबु कुमार यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रुपनारायण ठाकुर लोहार र राष्ट्रिय स्वतन्त्र पार्टीबाट सुरेन्द्र शर्माले उम्मेदवारी दर्ता गराएका छन्।

प्रतिनिधिसभामा स्वतन्त्र रुपमा इन्द्रदेव महतो, कलामुदीन अन्सारी, दिनेश्वर झा, मनोज पण्डित कुम्हार र रामकृष्ण साहको उम्मेदवारी परेको छ।

३ क प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट माओवादी केन्द्रका मुकेश साहले उम्मेदवारी दर्ता गराएका छन्। यता नेकपा एमालेको तर्फबाट रवीन्द्र दास श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै जनता समाजवादी पार्टी नेपालबाट भरतबहादुर खडका, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बलिराम राउत पटेल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट बलिराम हजरा दुसाद, नेपाल मजदुर किसान पार्टीबाट भुण्टा माझी, जनमत पार्टीबाट मदन प्रसाद साह, मंगोल नेशनल अर्गनाइजेसनबाट मेघ बाहादुर गोले, हाम्रो नेपाली पार्टीबाट शिवनाथ प्रसाद पटेल र नागरिक उन्मुक्ति पार्टीबाट सुरेन्द्र प्रसाद साह तेलीले उम्मेदवारी दर्ता गराएका छन्।

प्रदेश सभा 'क' मा स्वतन्त्र रुपमा दिपककुमार बराल, दिलीप कुमार साह, ॣव प्रसाद यादब, नारायण क्षेत्री र शिवनाथ प्रसाद पटेलको उम्मेदवारी परेको छ।

३ ख प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका जयचन्द्र प्रसाद चौरसीयाले उम्मेदवारी दर्ता गराएका छन्। यता नेकपा एमालेको तर्फबाट महम्मद समिरले उम्मेदवारी दर्ता गराएका छन भने जनता समाजवादी पार्टीबाट पारसप्रसाद साहले उम्मेदवारी दर्ता गराएका हुन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट गणेश प्रसाद जैसवार, नेपाल मजदुर किसान पार्टीबाट चन्द्रिकाप्रसाद यादव, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट मनोज साह तेली र जनमत पार्टीबाट सन्तोष प्रसाद पटेलले उम्मेदवारी दर्ता गराएका छन्।

प्रदेश सभा 'ख' मा स्वतन्त्र रुपमा प्रदिप प्रसाद यादव, प्रमिला गिरी, बाचालाल साह कानु, बुधन प्रसाद यादव र सुरेशकुमार मोदकको उम्मेदवारी परेको छ।

बारा क्षेत्र नम्बर ४

बाराको क्षेत्र नम्बर ४ मा केही स्वतन्त्रसहित ४६ जनाको उम्मेदवारी परेको छ। प्रतिनिधिसभामा २० जना, प्रदेश सभा 'क' मा १३ र 'ख' मा १५ जना गरी ४८ जनाको उम्मेदवारी परेको हो । ती मध्ये स्वतन्त्र उम्मेदवारको संख्या २० छ।

१ प्रतिनिधिसभा सदस्यका लागि २० जनाको उम्मेदवारी परेकोमा १० जना स्वतन्त्र उम्मेदवार छन् । यस्तै २ प्रदेशसभा सदस्यका लागि २८ जनाको उम्मेदवारी परेकोमा स्वतन्त्र उम्मेदवारको संख्या १० छ।

प्रतिनिधि सभा सदस्य

सत्ता गठबन्धनका तर्फबाट एकीकृत समाजवादीका नेता कृष्णकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन्। यता नेकपा एमाले जसपाका तर्फबाट नेकपा एमालेका एकवाल मियाँले उम्मेदवारी दर्ता गराएका छन।

नेपाल सद्भावना पार्टीबाट खेदू महतो धानुक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जलिल देवान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट पवन चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट रोहन कुमार, जनता प्रगतिशिल पार्टी, नेपालबाट श्रीनिवास महतो, हाम्रो नेपाली पार्टीबाट सन्तोष कुमार गुप्ता, विवेकशील साझा पार्टीबाट सुनिलप्रसाद साह कलवार र जनमत पार्टीबाट हरिप्रसाद कुर्मीको उम्मेदवारी दर्ता भएको छ।

प्रतिनिधिसभामा स्वतन्त्र रुपमा इच्छाबहादुर वाग्ले, किशोरीलाल कुर्मी, गोविन्द प्रसाद मण्डल, दिनेश प्रसाद भेडिहर, नेमराज प्रसाद जैसवाल, पूर्ण प्रसाद पन्थ, रामकृष्ण तिवारी, रामश्रेय प्रसाद कुश्वाहा, हरि महरा र हरीनारायण सहनी मलाहको उम्मेदवारी परेको छ।

४ क प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट माओवादी केन्द्रका क्षेत्रबहादुर श्रेष्ठले उम्मेदवारी दर्ता गराएका हुन् । यता नेकपा एमालेबाट देवनारायण थारुले उम्मेदवारी दर्ता गराएका हुन।

जनमत पार्टीबाट गणेश प्रसाद यादव, विवेकशील साझा पार्टीबाट डम्बरबहादुर खत्री, नेपाली कांग्रेस बी.पी.बाट द्वारिका श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीबाट नन्दालाल राउत, जनता प्रगतिशील पार्टी नेपालबाट मारकन्डे प्रसाद, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट यमकुमार जर्कामगर र हाम्रो नेपाली पार्टीबाट संतोष कुश्वाहाले उम्मेदवारी दर्ता गराएका छन्। प्रदेश सभा 'क' मा स्वतन्त्र रुपमा अनिल कुमार साह, कृष्ण प्रसाद चौलागाईं, नारायणी रायमाझी र महेन्द्रप्रसाद थारुको उम्मेदवारी परेको छ।

४ ख प्रदेश सभा

सत्ता गठबन्धनका तर्फबाट लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता जितेन्द्र प्रसाद सोनारले उम्मेदवारी दर्ता गराएका छन्। यता जनता समाजवादी पार्टीबाट आत्माराम प्रसाद साहले उम्मेदवारी दर्ता गराएका हुन्। जनता प्रगतिशील पार्टी, नेपालबाट छोटेलाल प्रसाद साह, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दिपेन्द्र कुमार कलवार, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट देवबाबु प्रसाद कुर्मी, विवेकशील साझा पार्टीबाट धनन्जय प्रसाद यादव, नेपाल लोकतान्त्रिक पार्टीबाट प्रभु प्रसाद गुप्ता, हाम्रो नेपाली पार्टीबाट लक्ष्मी नारायण महतो र जनमत पार्टीबाट सुरेश प्रसादले उम्मेदवारी दर्ता गराएका छन्। प्रदेश सभा 'ख' मा स्वतन्त्र रुपमा अजय कुमार गुप्ता, उमेश कुमार कुश्वाहा, केदारप्रसाद तेली, मोजाइद अन्सारी, राजकुमार राम र राजु देवानको उम्मेदवारी परेको छ।

## संविधान ................

पदमा उम्मेदवारी नपर्दा आगामी दिनमा पनि नेपालमा भौतिक पूर्वाधार तथा यातायात, खानेपानी र सहरी विकास मन्त्रालयको नेतृत्वमा प्राविधिक पुग्ने सम्भावना नदेखिएको उनको भनाइ छ । सामाजिक एवं राजनीतिक क्षेत्रबाट आएका युवाले यसपटक बढी उम्मेदवारी पाए पनि प्रविधि क्षेत्रलाई भने ठूला दलले महत्व नदिएकामा एशोसियशनको असन्तुष्टि छ । 'टेक्नो पोलिटिक्सतिर भारत, चीन गएका छन्, यो विषयलाई नेपालमा अझै बुझाउन सकिएको छैन, यसकै कारण चीन र भारतमा प्राविधिक सामग्रीको उत्पादन बढ्ने गरेको छ, हाम्रो देश पनि त्यता जाने हो भने प्राविधिक मन्त्रालयको नेतृत्व इञ्जिनियरले गर्ने अवसर पाउनुपर्छ', उनले भने । यसपटक प्रदेशमा टिकट पाउनेमा युवा धेरै भए पनि अझै केन्द्रीय संसद्मा त्यस्तो देख्न सकिएको छैन । यसपटकको निर्वाचनपछि प्रदेश संरचना अलि फरक तरिकाले अघि बढ्छ कि भन्ने आशा पेशागत संस्थाले गरेका छन् । (साभार–रातोपाटी)

# नेपालको प्रतिबन्धका बीच कतारले माग्यो घरेलु कामदार

# आवेदन मागेपनि नेपाली कामदार पठाउँदैनौँ : प्रवक्ता घिमिरे



काठमाण्डौ, २४ असोज ।

कृष्णसिंह धामी

कतार सरकारले घरेलु कामदारका लागि आवेदन आह्वान गरेको छ। कतारको मिनिस्ट्री अफ इन्टेरियर (आन्तरिक मन्त्रालय) ले एक सूचना जारी गर्दै नेपाली घरेलु कामदारका लागि आवेदन आह्वान गरेको हो । जबकी नेपालले २०७३ सालदेखि घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको अवस्था छ। नेपालले प्रतिबन्ध लगाएकै घरेलु कामदारका लागि आवेदन दिन भन्दै मन्त्रालयले सार्वजनिक सूचना जारी गरेको हो । काठमाडौंमा रहेको कतार भिसा सेन्टर (क्यूभीसी) बाट आवेदन दिन सकिने मन्त्रालयले जनाएको छ।

सरकारले घरेलु कामदार पठाउने विषयमा छलफल चलाइरहेका बेला कतारले आवेदन आह्वान गरेको हो। सूचना निकाल्दै क्यूभीसीले महिला तथा पुरुषले घरेलु कामदारका लागि आवेदन दिन सकिने र त्यसका लागि समय बुक गर्न सकिने जनाएको छ। घरेलु कामदार र सोही हैसियतका कामदारका लागि भिसा आवेदन लिन सकिने क्यूभीसीले जारी गरेको सूचनामा उल्लेख छ । क्यूभीसीमा मेट्राश एप र केन्द्रको वेबसाइटबाट एपोइन्टमेन्ट बुकिङ गरेर आवेदन बुझाउन सकिने जनाएको छ।

मन्त्रालयले २९ सेप्टेम्बर २०२२ (१२ असोज) मा उक्त सूचना जारी गरेको थियो। उक्त विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय समक्ष पुगेपछि मन्त्री शेरबहादुर कुँवरले चासो राखेका छन् । तर, यो विषयमा श्रम मन्त्रालय तथा वैदेशिक रोजगार विभागका अधिकारीले भने अनविज्ञता प्रकट गर्दै आएका छन् । मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले यो विषयमा बुझ्नुपर्ने बताए । 'जब हामीले सूचना पायौं । तत्कालै दशैं विदा भयो। के रहेछ ? कसरी आयो ? भन्ने कुरा अब बुझ्छौं,' प्रवक्ता घिमिरेले भने।

कतारले घरेलु कामदार लैजाने विषयमा नेपालमाथि चर्को दबाब दिँदै आएको छ । पछिल्लो समय कतारमा घरेलु कामदारको अभाव छ । जसले गर्दा कतारले नेपालबाट घरेलु कामदार लैजान यसअघिको प्रतिबन्ध फुकुवा गर्न अनुरोध गर्दै आएको हो। केही महिना अगाडि नेपाल र कतारका अधिकारीबीच भएको बैठकमा कतारले घरेलु कामदारमाथिको प्रतिबन्ध खोलिदिन अनुरोध गरेको थियो । 'हामी अरू कुरा जे गर्न पनि तयार छौं । तपाईहरूलाई ट्रेनिङ दिने, कामदारको सुरक्षा लगायतका कुरा हामी गर्छौं । तर, प्रतिबन्ध खोलिदिनु भनेर अनुरोध भएको थियो,' प्रवक्ता घिमिरेले भने।

उनीहरूले घरेलु कामदार पठाउन सहज गरिदिए नेपालबाट विश्वकपका लागि आवश्यक पर्ने थप कामदार लैजाने समेत आश्वासन दिएको थियो। उनीहरूको अनुरोधलाई स्वीकार गर्दै नेपालले इम्प्लिमेन्टेशन प्रोटोकल पठाउन अनुरोध गरेको थियो। 'संसदीय समिति रोक लगाउन भनेपछि सरकारले घरेलु कामदार रोकेको थियो। तपाईहरू इम्प्लिमिन्टेशन प्रोटोकल पठाउनुहोस् हामी त्यसलाई सरकारलाई पठाएर कार्यान्वयमा जान्छौं भनेका थियौं। त्यही आधारमा पठाउने सहमति भएको थियो,' प्रवक्ता शर्माले भने।

तर, कतारले आधिकारिक अनुरोधविनै अहिले एकाएक सूचना जारी गरेको हो । जसले गर्दा मन्त्रालयका अधिकारी चकित परेका छन् । 'उनीहरूले अहिलेसम्म केही पनि पठाएका छैनन्। केही पनि नपठाइ एकाएक घरेलु कामदार लैजाने भनेर सूचना आयो । के कति कारणले आयो ? त्यो बुझ्नुपर्छ,' प्रवक्ता घिमिरेले भने। कतारले आवेदन आह्वान गरेपनि नेपालले सहमति नदिई कोही पनि कामदार जान नपाउने उनको भनाइ छ। 'हामीले कुनै सहमति नजनाइ, कुनै सहमति नगरी हाम्रा श्रमिकलाई जाउ भन्न सकिँदैन,' उनले भने।

श्रम मन्त्रालयले प्रतिबन्ध फुकुवा गर्ने विषयमा तत्कालिन संसदीय समितिमा कुरा उठाएको थियो। तर, कुनै सुनुवाई भएको थिएन। कतारले नेपालको अनुमतिविना नै त्यसरी घरेलु कामदारको लागि भनेर सूचना निकाल्न पाउँदैन। कतारले घरेलु कामदारमाथि प्रतिबन्ध फुकुवा गरेर नपठाए अन्य क्षेत्रका कामदार पनि नलैजाने चेतावनी समेत दिएको छ। कतारमा हाल घरेलु कामदारको माग अत्यधिक छ। हाल कतारमा साढे ३ लाख भन्दा बढी घरेलु कामदारको माग रहेको बताइएको छ। कतारले हाल इण्डोनेसिया, फिलिपिन्स लगायतका देशहरूबाट घरेलु कामदार लगिरहेको छ। तर, उनीहरूमा भाषा र सीपको अभावले गर्दा कतारले अन्य देशबाट पनि घरेलु कामदार लैजाने प्रक्रिया अगाडि बढाइरहेको हो।

**सरकारको दोहोर नीति**

घरेलु कामदारका सम्बन्धनमा नेपालको दोहोरो नीति छ। जोर्डनमा घरेलु कामदार पठाइरहेको नेपालले अन्य मुलुकमा भने प्रतिबन्ध लगाएको छ। जोर्डनमा सम्झौता नै गरेर नेपाली श्रमिकहरू घरेलु कामदारको रूपमा गइरहेका हुन् । हालसम्म जोर्डनमा साढे ३ हजार भन्दा बढी नेपालीहरू घरेलु कामदारको रूपमा काम गर्दै आएका छन्।

घरेलु कामदार पठाउने विषयमा २०७२ सालमा 'वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका' जारी भएको थियो । उक्त निर्देशिकाले दुई देशबीच सम्झौता भएको खण्डमा वा दुवै देशका मेनपावर व्यवसायी बीचको सहकार्यमा घरेलु कामदार पठाउन सक्नेछ भन्ने छ । जोर्डनमा सोही आधारमा कामदार गइरहेका हुन् भने

*(बाँकी अन्तिम पेजमा)*

# मुगुमा पहिरोमा परी आठ जनाको मृत्यु, तीन जना बेपत्ता



मुगु, २४ असोज ।

मुगुमा पहिरोमा परी आठ जनाको मृत्यु भएको छ । तीन जना बेपत्ता छन् । जिल्लाको छायाँनाथ रारा नगरपालिका–११ सालिम गाउँमा आज पहिरोले घर पुरिँदा आठ जनाको घट्नास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिए । लगातार वर्षाका कारण पहिरोको डरले आठ जना एउटै घरमा बसेका थिए । मृत्यु हुनेमा चार महिला र चार पुरुष रहेका प्रनाउ हमालले बताए । उनीहरुको सनाखत हुन सकेको छैन । पहिरोमा परी तीन जना अझै बेपत्ता छन् । बेपत्ताको खोजीका लागि सदरमुकाम गमगढीबाट प्रहरी टोली घट्नास्थलमा पुगेको छ । वर्षा नरोकिएकाले खोजबिनमा समस्या भएको हमालले बताए । घट्नास्थल सदरमुकामबाट तीन घण्टाको पैदल दूरीमा छ ।

पहिरो गएको सालिम गाउँमा झण्डै ३५ परिवारको बसोबास रहेको थियो । पहिरो आएपछि उनीहरु सबै सुरक्षित स्थानतर्फ लागेको प्रनाउ हमालले जानकारी दिए । जिल्लाका धेरैजसो ठाउँमा अत्यधिक वर्षाले क्षति पुर्‍याएको छ । जताततै पहिरो गएको छ । बाटोघाटो अवरुद्ध तथा निरन्तर बाढी र पहिरो आएका कारण प्रहरी उद्धारमा खटिन नसकेको हमालको भनाइ छ ।

यसैबीच उद्धार तथा राहतका लागि सुर्खेतबाट आउने भनिएको हेलिकप्टर अबेर साँझसम्म गमगढी आउन नसकेको प्रहरीले जनाएको छ । छिमेकी जिल्ला कालिकोटमा समेत पहिरोमा परेकाहरुको उद्धार गर्न आएको हेलिकप्टर उतैबाट सुर्खेत फर्किएको बताइएको छ । मङ्गलबार बिहानै उद्धार र राहतका लागि हेलिकप्टर आउने प्रहरीले जनाएको छ । जिल्लामा विभिन्न खोलाबाट उत्पादित बिजुली बन्द छ । पहिरोले मुहानै बगाएपछि जिल्लावासी बिजुलीविहीन अवस्थामा रहेको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले जानकारी दिए । जिल्लामा टेलिफोन सेवासमेत अवरुद्ध छ । रासस

# कक्षा ११ र १२ को स्वाध्यय सामग्री लेखनका लागि आवेदन माग

२४ असोज, काठमाडौं । शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम तथा सामग्री शाखाले स्वाध्यय सामग्री लेखनका लागि आवेदन माग गरेको छ । शाखाले सूचना जारी गर्दै नयाँ पाठ्यक्रम अनुसार अनिवार्य नेपाली, अङ्ग्रेजी र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयका स्वाध्यय सामग्री लेखनका लागि आवेदन माग गरेको हो । पाठ्यक्रम तथा सामग्री शाखाकी निर्देशक सविता दंगालले चालु आव २०७९/८० मा केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वाध्यय सामग्री माग गरिएको जानकारी दिएकी छिन् । शाखाले खुला विद्यालय तर्फका कक्षा ११ र १२ का सामग्री लेखनका लागि योग्यता पुगेका नेपाली नागरिकले १५ दिन भित्र आवेदन दिन सूचनामा अनुरोध गरेको छ । सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि (सामाजिक विषयका हकमा सामाजिक अध्ययन र सामाजिक विज्ञान सम्बद्ध क्षेत्रका विषयमा स्नातकोत्तर गरेको), खुला विद्यालय तर्फका स्वाध्ययन सामग्री लेखनमा अनुभव भएका नेपाली नागरिकले आवेदन दिन सक्ने शाखाले जनाएको छ । (साभार–अनलाइनखबर)

# चितवन मेडिकल कलेज तोडफोडको आरोपमा तीन जना पक्राउ

चितवन, २४ असोज । रासस

चितवन मेडिकल कलेज तोडफोडको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । नौ जनाविरुद्ध अस्पतालले किटानी जाहेरी दिएपछि प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार पक्राउ पर्नेमा भरतपुर महानगरपालिका–१३ का धनबहादुर विक, जीवन सुनार र विकासबहादुर दमाई रहेका छन् । कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार उनीहरुलाई आइतबार पक्राउ गरिएको हो । अस्पतालका तर्फबाट उनीहरुसहित नौ जनाविरुद्ध किटानी जाहेरी परेसँगै पक्राउ गरिएको उनले बताए । अन्यको खोजी कार्य भइरहेको कार्यालयले जनाएको छ । उनीहरुविरुद्ध स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी संरक्षण ऐन, २०६६ को संशोधन, २०७९ अनुसार मुद्दा दर्ता गरिएको पण्डितले जानकारी दिए ।

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा ऐन, २०६६ को संशोधन, २०७९ अनुसार स्वास्थ्य संस्था तोडफोड वा अन्य कुनै कार्य गरी हानी नोक्सानी पुऱ्याउनेलाई तीन वर्षसम्म कैद वा रु तीन लाख जरिवाना हुने व्यवस्था रहेको छ । यही असोज १७ गते बिरामीको उपचारका क्रममा मृत्यु भएको घटनालाई लिएर बिरामीका आफन्तले अस्पताल तोडफोड गरेका थिए । तोडफोडका कारण अस्पतालको सघन उपचार कक्ष (आइसियु) मा क्षति भएको थियो । सो घटनालाई लिएर नेपाल चिकित्सक संघले कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएको थियो ।

## नेपालको.....................

अन्य देशसँग श्रम सम्झौता तथा दुई देशका मेनपावर व्यवसायीबीच सम्झौता हुन नसक्दा २०७३ सालदेखि प्रतिबन्ध छ । त्यस्तै नेपालले घरेलु कामदारका रूपमा विभिन्न मुलुकमा रहेका श्रमिकहरू नेपाल फर्किएर पुनः श्रम स्वीकृति लिएर जान पाउने व्यवस्था गरेको छ । जसले गर्दा विगतमा लामो समयदेखि घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरू नेपाल फर्किने र पुनः वैधानिक रूपमा नै घरेलु कामदारको रूपमा जाने गरेका छन् । तत्कालिन श्रममन्त्री कृष्णाकुमार श्रेष्ठले लामो समयदेखि नेपाल आउन नसकेका घरेलु कामदारलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेका थिए । उनले घरेलु कामदारको श्रम स्वीकृति रोक्दा विभिन्न माध्यमबाट खाडी मुलुक पुगेका महिला परिवारसमेत भेट्न नपाएपछि नेपालले २०७८ को फागुनमा वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिका, २०७२ लाई संशोधन गर्दै समस्यामा परेका महिलाहरूलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेका थिए । सोही आधारमा अहिले धेरै महिलाहरू नेपाल फर्किएर पुनः वैधानिक भएर घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीमा गइरहेका छन् । मेनपावर व्यवसायीले भने उक्त कुराको विरोध गर्दै आएका छन् । एकातिर घरेलु कामदार पठाउन रोक लगाउने अनि अर्कोतिर निर्देशिकाको आडमा अवैध कामदारलाई वैध बनाउने सरकारले नीतिले अर्को समस्या निम्त्याउनेमा उनीहरूको चिन्ता छ । (साभार–रातोपाटी)

## एक भोटलाई ...............

आयोगलाई आवश्यक पर्ने रकमको व्यवस्था गरिसकेको छ । आयोगलाई आवश्यक पर्ने रकमको व्यवस्था गरिएको अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । सो निर्वाचनमा उम्मेदवारले खर्च गर्न साढे ११ अर्ब र सरकारले गर्ने १० अर्ब गरी साढे २१ अर्ब रुपैयाँ खर्च हुने देखिएको हो । मतदाता संख्यालाई आधार मान्दा सो निर्वाचनमा प्रतिमत १९ सय रुपैयाँभन्दा बढी खर्च हुने देखिएको छ ।

**कुन प्रदेशबाट कति उम्मेदवार ?**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनको लागि ४९ सय ७३ जनाले उम्मेदवारी दर्ता गराएका आयोगले जानकारी दिएको छ । यसमध्ये प्रतिनिधिसभाको लागि १९१ जना महिला र १९३७ जना पुरुष गरी २१२८ जना उम्मेदवार बनेका छन् ।

यस्तै, प्रदेशसभातर्फ २४४ महिला, २६ सय पुरुष र १ जना अन्य गरी कुल २८४५ जनाले उम्मेदवारी दर्ता गराएका छन् । यसमध्ये प्रदेश– १ मा पुरुष ४४५ जना र महिला ४९ गरी कुल ४९४ जनाले, मधेश प्रदेशमा पुरुष ७११ जना, महिला ५५ जना र अन्य १ गरी कुल ७६७ जनाले, बागमती प्रदेशमा पुरुष ५६१ जना र महिला ७४ जना गरी कुल ६३५ जनाले तथा गण्डकी प्रदेशमा पुरुष १९९ र महिला २९ गरी जम्मा २२८ जनाले उम्मेदवारी दर्ता गराएका आयोगले जानकारी दिएको छ । आयोगका अनुसार लुम्बिनी प्रदेशमा पुरुष ४१४ र महिला २३ जना गरी कुल ४३७ जनाले कर्णाली प्रदेशमा पुरुष ७९ जना र महिला २ जना गरी कुल ८१ जना, सुदुरपश्चिम प्रदेशमा पुरुष १९१ जना र महिला १२ जना गरी कुल २०३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । (साभार–रातोपाटी)


## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा